# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १२ गते २०२९ साल

श्री ५ को सरकार
खाद्य तथा कृषि मन्त्रालयको
सूचना

टिकापुर विकास समिति (गठन) आदेश (यसपछि "मूल आदेश" भनिएको) लाई संशोधन गर्न वान्छनीय भएकोले,

विकास समिति ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "टिकापुर विकास समिति (गठन) (पहिलो संशोधन) आदेश २०२८" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल आदेशको दफा ३ मा संशोधनः– (१) मूल आदेशको दफा ३ को उप–दफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ ।

"(ख) आफ्नो आन्तरिक कार्यविधि व्यवस्थित गर्न नियम बनाउने"

(२) मूल आदेशको दफा ३ को उप–दफा (२) को खण्ड (घ) मा रहेको "सुकुम्बासी किसान परिवार" भन्ने वाक्यांशको सट्टा "नेपाली नागरिक" भन्ने वाक्यांश राखेको छ ।

आज्ञाले–
सुरेन्द्रराज शर्मा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।